# फाकफोकथुम राजपत्र

## फाकफोकथुम गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः ८* | *संख्याः ३* | *मितिः २०८२/०१/२६*


### भाग-२

### फाकफोकथुम गाउँपालिका, आमचोक, इलाम

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

### फाकफोकथुम गाउँपालिकाको श्रम डेस्क सञ्चालन कार्यविधि, २०८२

**स्वीकृत मितिः २०८२/०१/२५**

प्रस्तावनाः

संविधान,श्रम कानुन र स्थानिय सरकार संचालन ऐन कार्यान्वयन गर्दे नेपाली श्रम बजारलाई मर्यादित र न्यायपुर्ण बनाउन,औपचारीक ,अनौपचारिक र स्वरोजगार श्रम क्षेत्रमा काम गर्ने श्रमिकहरुको अवस्था,संख्या,सेवा सुविधा आदिको व्यवस्थित विवरण संकलन गरी अभिलेखिकरण तथा समस्या समाधान गर्न,सङघियता र विकेन्द्रिकरणको मान्यतालाई आत्मसात गरी हरेक स्थानिय तहमा श्रम र पुँजी तथा श्रमिक र रोजगारदाताबीच असल श्रम सम्बन्ध कायम गरी सामाजिक सदभाव सुनिश्चित गर्ने प्रयोजनका लागि गाउँपालिकामा श्रम डेस्क स्थापना गरी संचालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम फाकफोकथुम गाउँपालिकाले श्रम डेस्क संचालन कार्यविधि २०८२ बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "फाकफोकथुम गाउँपालिकाको श्रम डेस्क संचालन कार्यविधि, २०८२" रहेको छ ।

ख) यो कार्यविधि फाकफोकथुम गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

ग) यो कार्यविधि फाकफोकथुम गाउँपालिकाभित्र कार्यरत औपचारीक,अनौपचारीक र स्वरोजगार श्रम क्षेत्रमा कार्यरत श्रमिकहरुलाई लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्दिक कार्य गर्ने व्यक्तिलाई सम्झनुपर्छ । यस कार्यविधिमा सो शब्दले औपचारीक,अनौपचारिक तथा स्वरोजगार श्रमिक समेतलाई जनाउछ ।

ख) "औपचारिक श्रम क्षेत्र" भन्नाले श्रमिकलाई काममा लगाएका मुनाफा आर्जन गर्ने वा नगर्ने उद्योग,व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भई दर्ता वा गठन भएको वा संञ्चालनमा रहेको कुनै कम्पनि,प्राइभेट फर्म साझेदारी फर्म,संघ संस्था,सहकारी संस्था वा श्रमिक आपुर्तिकर्ता वा अन्य संस्थालाई सम्झनुपर्छ ।

ग) "अनौपचारिक श्रम क्षेत्र" भन्नाले औपचारिक श्रम क्षेत्र बाहेकको श्रम बजार जनाउँछ ।र सो शब्दले निर्माण क्षेत्र,यातायात क्षेत्र ,कृषि,घरेलु र घर आधारित काम लगायतको श्रम क्षेत्र सम्झनुपर्छ ।

घ) "स्वरोजगार श्रम क्षेत्र" भन्नाले आफ्नो श्रम,सीप,ज्ञान र पूँजिको परिचालन गरी आफु वा तिन जनासम्म श्रमिकलाई रोजगारी दिई संचालन गरेको निर्माण सँग सम्बन्धित काम,वस्तु वा सेवाको उत्पादन वा व्यापार व्यवसाय सम्झनुपर्छ ।

ङ) "सञ्चालक समिति" भन्नाले यस कार्यविधिको दफा ६ अन्तर्गत गठीत श्रम डेस्क सञ्चालक समितिलाई सम्झनुपर्छ ।

च) "श्रम डेस्क" भन्नाले यस कार्यविधिको उद्धेश्य पुर्तिका लागि स्थापित श्रम डेस्कलाइ सम्झनुपर्छ ।

छ) "सभा" भन्नाले फाकफोकथुम गाउँपालिकाको सभालाई सम्झनुपर्छ ।

ज) "प्रमुख" भन्नाले फाकफोकथुम गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

झ) "उपाध्यक्ष" भन्नाले फाकफोकथुम गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" फाकफोकथुम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ट) "रोजगार सेवा केन्द्र" भन्नाले फाकफोकथुम गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रलाई सम्झनुपर्छ ।

ठ) "रोजगार संयोजक/रोजगार सहायक" भन्नाले फाकफोकथुम गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीलाई सम्झनुपर्छ ।

ड "सुचिकृत व्यक्ति" भन्नाले फाकफोकथुम गाउँपालिकाको रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सुचना प्रणाली( EMIS) मा दर्ता भएकोलाई सम्झनुपर्छ ।

**३. श्रम डेस्क स्थापनाको उद्देश्यः**

क) गाउँपालिका श्रम डेस्क स्थापना गरी सुचिकृत व्यक्तिले गर्ने काम,सीप र दक्षताको आधारमा अभिलेख राखी अध्यावधीक गर्ने

ख) स्थानिय तहमा सुचिकृत व्यक्तिलाई स्वरोजगार बनाउन आवश्यक सीप सम्बन्धि तालिम दिई रोजगारीमा आबद्ध गराउने

ग) श्रम सम्वाद मार्फत श्रम विवादहरुको स्थानिय स्तरमा नै समाधान गरी असल श्रम सम्बन्ध स्थापनामा सहयोग गर्नु

**४.श्रम डेस्कले गर्ने कार्यहरुः**

क) पेशा,सीप,दक्षता,योग्यता र कार्यरत क्षेत्रको विवरण लिई स्वरोजगार बनाउन प्रेरित गर्ने ।

ख) समान काममा समान पारिश्रमिकको व्यवस्था लागु गर्ने ।

ग) व्यक्तिको सीप र दक्षताको आधारमा सीप प्रमाणिकरण गर्न आवश्यक कार्य गर्ने ।

घ) श्रमिकका समस्या उपर उजुरी लिने,सुनुवाई गर्ने र आवश्यक निर्देशन दिने ।

ङ) श्रम निरीक्षण प्रणाली सञ्चालन गर्ने ।

च) न्युनतम पारिश्रमिक कार्यान्वयन भए नभएको अनुगमन ।

छ) श्रमिक संगठन र रोजगारदाताबिच समन्वय गर्ने ।

ज) वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित ,व्यवस्थित तथा मर्यादित बनाउन सहयोग गर्ने ।

झ) श्रम,श्रमिक आप्रवासी श्रमिक र फर्केका श्रमिकको तथ्याङक र विवरणहरु संकलन गरी डेटावेस तयार गर्ने तथा अद्यावधिक गर्ने ।

ञ) वैदेशिक रोजगारीमा जान लागेका ,वैदेशिक रोजगारीमा रहेका, वैदेशिक रोजगारीवाट फर्किएका, वैदेशिक रोजगारीका लागि जान सोच बनाएका युवा तथा तिनका परिवारलाई सूचना तथा परामर्श लगायत अन्य सेवा प्रवाह गर्ने र अभिलेख राख्ने ।

ट) सञ्चालक समितिले आवश्यकताको आधारमा सुचिकृत व्यक्ति लक्षित सीप विकास तालिम,अभिमुखिकरण कार्यक्रम,गोष्ठी,सेमिनार आदि गर्न श्रम तथा रोजगार कार्यालय साथै राष्ट्रिय स्तरका व्यावसायीक सीप विकास प्रशिक्षण प्रतिष्ठानहरु सँग समन्वय गर्ने ।

ठ) स्वरोजगार सृजनाका कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ) वैदेशिक रोजगारीका क्रममा आइपर्ने विभिन्न समस्या समाधानमा सहजिकरणका लागि समस्याको प्रकृति अनुसार विभिन्न सरोकारवाला निकायहरु मार्फत समन्वय गर्ने ।

**५.प्रशासनिक व्यवस्थापनः**

क) श्रम डेस्कको प्रशासनिक तथा आर्थिक कारोबार सम्बन्धित गाउँपालिकाको कर्मचारिहरुवाट संचालन हुनेछ भने रोजगार सेवा केन्द्रले प्रशासनिक कामकाज गर्नेछ ।

ख) फाकफोकथुम गाउँपालिका मार्फत रोजगार सेवा केन्द्रले आवश्यकता अनुसार तथ्याङक संकलनका लागि वडाहरुमा स्वयंसेवक खटाउन सक्नेछ । उक्त स्वयंसेवकले अनुसुचि (१) बमोजिमको फाराम घरदैलो अभियानमा भराउनेछन् ।

ग) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएतापनि फाकफोकथुम गाउँपालिका रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरु मध्येवाट कम्तिमा एस.एल.सि उत्तिर्ण गरेका व्यक्तिलाई स्वयंसेवकका रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमले तोकेको दैनिक ज्यालादरमा खटाउन सकिने छ ।

**६. सञ्चालक समितिः**

क) गाउँपालिका अध्यक्षः संयोजक

ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

घ) संयोजकले तोकेको कार्यपालिका सदस्यहरु मध्येवाट दुई महिला सहित तिन जनाः सदस्य

ङ) रोजगार संयोजक वा निजले तोकेको कर्मचारीः सदस्य सचिव

**७. समितिको बैठक**

क) संयोजकले तोकेको मिति र स्थानमा सञ्चालक समितिको बैठक बस्नेछ ।

ख) बैठक सामन्यतया हरेक दुई महिनामा बस्नेछ ।आवश्यकता अनुसार बढी पनि बस्न सक्छ ।

ग) बैठकमा कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित हुनुपर्ने छ ।

**८.विविध**

क) यस कार्यविधिको प्रयोजनको लागि गर्नुपर्ने आवश्यक पत्राचार वा कुनै आदेश निर्देशनको कार्यान्वयन गर्ने जिम्मेवारी समितिका सदस्य-सचिवको हुनेछ ।

ख) सञ्चालक समितिले बैठक तथा अन्य काम कारवाहिको सन्दर्भमा आवश्यक कार्यविधि आफै बनाई लागु गर्न सक्नेछ ।

ग) स्वयंसेवकले भराएको अनुसुचि (१) फाराम सञ्चालक समितिले रुजु गरी अनुसुचि (२) बमोजिमको श्रमिक परिचयपत्र उपलब्ध गराउन सक्नेछ ।

अनुसुचि -१

फाकफोकथुम गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

आमचोक,इलाम

श्रम डेस्क संचालन सम्बन्धी कार्यविधी बमोजिम

(उत्तरदाताको व्यक्तिगत विवरण)

१. नाम थर-

२. जन्म मिति-

३. बाबुको नाम-

४. आमाको नाम-

५. लिङ्ग-

६. नागरिकता नं-

७. नागरिकता जारी मिति-

८. नागरिकता जारी जिल्ला-

९. शैक्षिक योग्यता-

१०.स्थायी ठेगाना

प्रदेश- स्थानिय तह-

जिल्ला- वडा नं —

११. फोन नं-

१२. उमेर-

१३. जात/जाति-

१४. परिवार संख्या-

१५. रोजगारीको अवस्थाः-

क) वैदेशिक रोजगारी ख) आन्तरीक रोजगारी ग) रोजगारीमा घ) संलग्न नभएको

१६. यदि वैदेशिक रोजगारीमा गएको भए कुन काम गर्नुभयो ? कामको विवरण खुलाउने

...........................................................................................

१७. आन्तरिक रोजगारीमा आवद्ध भए कुन काममा हुनुन्छ ? पेशाको विवरण खुलाउने

फाकफोकथुम गाउँपालिका

...........................................................................................

१८. कुनै पनि सिपको/तालिमको प्रमाण पत्र भए कुन को छ सीपको विवरण खुलाउने

...........................................................................................

**रोजगारदाताको हकमा**

१. श्रमिकको संख्यात्मक विवरण —....................................

२. श्रमिकको दुर्घटना समट्ने गरी बिमा गरिएको छ वा छैन ? .....................

३. कार्य समय भन्दा वढि काम गरेमा ओभर टाईम दिने वा सुविधा दिने गरिएको छ वा छैन ?................................

४.१८ वर्ष पुरा नभएका कुनै वालवालिकालाई काममा लगाईएको छ वा छैन ?

( भएमा कसरी के काममा लगाइएको छ खुलाउने )

...........................................................................................

**तलब र सुविधा सम्बन्धिः**

१. तपाईंको मासिक तलब कति हो?

........................................

२. तपाईंलाई तलब नियमित रूपमा मिल्छ?

.....................................

३. तपाईंलाई खाना, आवास वा अन्य भत्ता उपलब्ध छ?

...........................................................

४. सामाजिक सुरक्षा जस्तै बीमा, पेन्सन, स्वास्थ्य सेवा उपलब्ध छ?

.......................................................

५. परीवारको औसत वार्षिक आय कति छ ?

..................................................

६. तपाईको जग्गाको स्थिति कस्तो छ ?

क) आफ्नै ख) भाडामा ग) जग्गा नै नभएको

**श्रम अधिकार सम्बन्धमा**

१. तपाईंलाई श्रम कानुनको जानकारी छ ?

क) छ ख) छैन

२. तपाईंको तलब वा सुविधा सम्बन्धमा कहिल्यै समस्या परेको छ ?

क) छ ख) छैन

३. तपाईंलाई समस्या भएमा उजुरी कहाँ दिने थाहा छ ?

क) छ ख) छैन

४. तपाईंले कहिल्यै श्रम डेस्कमा सम्पर्क गर्नुभएको छ ?

क) छ ख) छैन

५. तपाईंको मुख्य गुनासो/समस्या के हो ?

...........................................................................................

६. तपाईं श्रम डेस्कबाट कस्तो सेवा चाहनुहुन्छ ?

...........................................................................................

७. के तपाईं कुनै सामाजिक सुरक्षा योजनामा आबद्ध हुनुहुन्छ?

क) हेल्थ इन्स्योरेन्स ख) पेन्सन योजना ग) वृद्ध भत्ता घ) अपांगता भत्ता

८. तपाईंको घरमा कति जनाको आम्दानी स्रोत छ ?

क) १ ख) २ ग) ३ घ) ४

९. तपाईको अन्य सुझाव र सल्लाह भएमा

..............................................................................................................
...................................................................................................................
...................................................................................................................
.......................................

फाकफोकथुम गाउँपालिका

अनुसुची -२

श्रमिक परिचय पत्र

नाम थर-

स्थायी ठेगाना-

कामको प्रकृति-

सम्पर्क नम्वर-

प्रमाणित गर्नेको नाम थर-

पद-

दस्तखत-

फाकफोकथुम गाउँपालिका

आज्ञाले

निर्मल तुम्रोक

(प्रमुख प्रशासकीय अधिकृत)